जि.प्र.का.सिरहा द.नं. ८७-०७०/७१

# मार्गानुगामी

राष्ट्रिय दैनिक

MARGANUGAMI NATIONAL DAILY

कुनै पनि विचार, समाचार र विज्ञापन प्रकाशन गर्नु परेमा हामीलाई सम्झनुहोस्। हामी तपाईंलाई उचित स्थान दिने छु । साथै राष्ट्रिय तथा स्थानीय पत्रपत्रिकामा कुनै पनि विज्ञापन प्रकाशन गर्न चाहनु हुन्छ भने सम्पर्क गर्नुहोला ।

**मार्गानुगामी दैनिकको कार्यालय**
गोलबजार नगरपालिका-६, सिरहा
फोन नं.:-०३३-५४०३५६
मो. नं. ९८५२८३२६३४, ९८०१६०२००१
इमेल : marganugamidaily@gmail.com

बर्षः ०५, अंकः १४० पृष्ठः ४ २०७५ भदौ १९ गते मंगलबार (Tuesday 04 Sept. 2018) मूल्य रु. ५।- इमेल : marganugamidaily@gmail.com

## धेरै ठाउँमा कर तिर्नुपर्ने अवस्थाको अन्त्य गरिनेछ

**राजु विश्वकर्मा**

राजविराज, १८ भदौ। अर्थमन्त्री डा युवराज खतिवडाले जनताले धेरै ठाउँमा कर तिर्नुपर्ने अवस्थाको अन्त्य गरिने बताएको छ।



सप्तरी सदरमुकाम राजविराजमा आज करदाता सेवा कार्यालयको उद्घाटन गर्दै डा खतिवडाले तत्काल सङ्घीय सरकार, प्रदेश सरकार र स्थानीय सरकारबीच समन्वय गरी धेरै ठाउँमा कर तिर्नुपर्ने अवस्थाको अन्त्य गरिने बताए। "एकल विन्दुबाट कर उठाउनुपर्नेमा धेरै ठाउँमा कर बुझाउनुपर्ने अवस्था आएको छ," उनले भने, अब धेरै दिन यस्तो रहँदैन, एउटै ठाउँमा कर बुझाए पुग्ने बनाउँछौँ।" उनले करको दायराभन्दा दर बढेकाले कानून बाहिर गएर जथाभावी कर लगाउन नहुने बताए।

विदेशी ऋणबाट देशको विकास सम्भव नभएकाले करको दायरा बढाउनुपर्नेमा डा खतिवडाले जोड दिए। उनले आम्दानी र क्षमता भन्दा बढी कर बढाउन नहुने बताए। "वास्तविकता नबुझेरै कर बढायो भन्ने हल्ला फैलाइएको छ, त्यस्तो होइन," उनले भने, " स्थानीय तहको विकास गर्नु जरुरी रहेकाले जनताले कर तिर्ने

-बाँकी दुई पेजमा

## चोहर्वामा मटका फोड प्रतियोगिता सम्पन्न

सिरहा, १८ भदौ। गोलबजार नपा ८ चोहर्वामा प्रत्यक वर्षजस्तै कृष्ण अष्ठमीको अवसर पारेर आज मटकाका (माटोको घैला) फोर प्रतियोगिता सम्पन्न भएको। प्रतियोगितामा सवैभन्दा कम समयमा १९ फिट माथि झुड्याएको माटोको घैला फोड्दै गोलबजार ९ गोविन्दपुर प्रथम भएको छ।

प्रतियोगितामा दोस्रो र तेस्रो क्रमशः चोहर्वा युवा समूह र पिपरा युवा समूह भएका छन्। प्रथम हुने समरुहलाई १५ हजार, दोश्रो लाई




१० हजार र तेश्रो हुने समूहलाई पाँच हजार पाँच सय नगद प्रदान गरीएको रामकेवल मण्डलले जानकारी दिए।

प्रतियोगितामा ४ वटा समूको सहभागीता रहेको थियो। प्रतियोगितामा हजारौंको संख्यामा दर्शकहरु जम्मा भएका थिए। चोहर्वाका युवाहरुले पच्छिलो ८ वर्षदेखि प्रत्यक कृष्णअष्ठमिको दिन पारेर मटका फोड प्रतियोगिताको आयोजना गर्दै आएको छ।

## अहेव नै डाक्टर

**शम्भु यादव**

सिरहा, १८ भदौ। सिरहाको औरही गाउँपालिकास्थित प्राथमिक स्वास्थ्य केन्द्र अहेवकै



भरमा चलिरहेको छ। ०७१ साल माघ १२ गते मेडिकल अधिकृत डा. कृष्णा यादव सरुवा भए। स्थानीय निर्वाचनपछि एचए रामनारायण सिंह बरियारपट्टी गाउँपालिकाका स्वास्थ्य संयोजक भएर गए। वरिष्ठ अहेव उपेन्द्र यादवले औरहीका स्वास्थ्य संयोजकको जिम्मेवारी सम्हाले। त्यसपछि स्वास्थ्य केन्द्र अहेवकै भरमा रहेको स्थानीयको भनाइ छ।

औरही, लबटोली, इटाटार, कमलपुर, गणेशपुरलगायत गाउँका बिरामी यो स्वास्थ्य केन्द्रमा उपचारका लागि आउँछन्। तर, यहाँ भौतिक पूर्वाधार अस्तव्यस्त छ भने डाक्टर नहुँदा गुणस्तरीय स्वास्थ्य सेवा छैन। दैनिक ६० भन्दा बढी बिरामी उपचारका लागि आउने गरेको निमित्त प्रमुख उमेश यादवले जानकारी गराए।

एमबीबीएस डाक्टर बस्दा सयभन्दा बढी बिरामी आउँथे ,

-बाँकी दुई पेजमा

## सप्तरी र मोरङमा डुबेर तिनको मृत्यु

सिरहा, १८ भदौ। सप्तरीको राजगढ गाउँपालिका- ३ स्थित पोखरीमा डुबेर आइतबार साँझ एक बालकको मृत्यु भएको छ।

मृत्यु हुनेमा स्थानीय बैजनाथ यादवको १० वर्षीय छोरा त्रिभुवन यादव रहेको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ। सोही ठाउँमा रहेको पोखरीमा नुहाउने क्रममा बालकको डुबेर मृत्यु भएको प्रहरीले जनाएको छ।

त्यसैगरी, मोरङको कानेपोखरी गाउँपालिकामा आइतबार खोलाले बगाएर र पोखरीको पानीमा डुबेर दुई बालकको मृत्यु भएको छ। कानेपोखरी गाउँपालिका-७ स्थित चिसाङ खोलाले बगाएर सोही ठाउँका श्याम दर्जीका छ वर्षीय छोरा रेशम दर्जीको मृत्यु भएको हो।

बिहान घरबाट हराएका दर्जीको खोजी गर्ने क्रममा बेलुका खोलाको बीचमा अड्किएको

-बाँकी दुई पेजमा




**एस.एस. अटो सेन्टर, लहान, फोन नं. ०३३-५६०५३२, ५६२०५३ मो.नं. ९८०१५४२६००, ९८०१५४२६०२, ९८०१५४२६०३**

**(एस.एस.अटो सेन्टर, ब्रान्च कटारी, मो.नं. ९८०१५४२६०४)**

# सम्पादकीय

## न्यायिक मान्यता प्रतिकूलको आदेश

ब्यांक वा वित्तीय संस्थाको रकम हिनामिना गरेको आरोप लागेको व्यक्तिबाट मुद्दाको अनुसन्धान वा पुर्पक्षका क्रममा नै सम्बन्धित ब्यांक वा वित्तीय संस्थामा बिगो बराबरको रकम नगद नै जम्मा गर्न लगाउने संयुक्त इजलासको आदेशलाई पूर्ण इजलासले न्यायिक मूल्य–मान्यता प्रतिकूल भनेको छ । आरोप लाग्नेबित्तिकै उक्त व्यक्तिबाट बिगो बराबरको रकम नगदमै असुल गरेपछि मात्र न्यायिक सुनुवाइ गर्न दिइएको यस्तो आदेश नेपालको प्रचलित फौजदारी कानून प्रणालीमा सर्वथा अनौठो थियो। ब्यांकिङ अपराधमा आकर्षित हुने ब्यांकिङ कसुर तथा सजाय ऐन , मुलुकी ऐन र प्रचलित नेपाल कानूनमा कहीं कतै यस्तो व्यवस्था छैन।

पूर्ण इजलासले भनेको छ, आरोपितको कसुर न्यायिक प्रक्रियाबाट ठहर हुनुअगावै बिगो भरिभराउ गर्ने–गराउने कुरा फौजदारी न्यायको सिद्धान्त अनुकूल देखिंदैन । संयुक्त इजलासको आदेश कस्तो उदेकलाग्दो छ भने आरोपित व्यक्तिबाट बिगो रकम नगदमै असुली हाल्ने, आरोपितले जेथा जमानत वा ब्यांक जमानत पनि राख्न नपाउने तर ऊ निर्दोष सावित भएमा ब्याजसहित फिर्ता गर्नुपर्ने। आदेशमा प्रचलित नेपाल कानूनमा कतै नभएको यस्तो प्रावधानले सिर्जना गर्नसक्ने अन्योलतर्फ पनि ध्यान दिइएन। ब्याज रकम कसले, कुन शीर्षकबाट, के आधारमा भुक्तानी गर्ने भन्ने प्रश्न संवेदनशील, विचारणीय र कानूनी रूपमा अनुत्तरित रहेको छ पूर्ण इजलासले भनेको छ, अदालतबाट जारी गरिएका आदेश वा निर्णय कानूनमा आधारित र कार्यान्वयन गर्न सकिने प्रकृतिको हुनुपर्दछ।

कानूनी तथा तार्किक दृष्टिले समग्र पक्षमा विचार गर्दा संयुक्त इजलासबाट भएको आदेश मनासिव देखिएन । उक्त आदेशबाट कायम गरिएको रुलिङसँग यो इजलास सहमत हुन सकेन । त्यस्तै ब्यांकिङ कसुरमा जरिवाना वा कैद हुने अवस्थामा प्रतिवादीहरूबाट जेथा जमानत, ब्यांक जमानत वा नगद धरौटी माग गर्ने र उक्त धरौटी नबुझउने वा बुझाउन नसक्नेलाई मात्र पुर्पक्षका लागि थुनामा पठाउनू भन्ने तत्कालीन प्रधान न्यायाधीश पराजुली र न्यायाधीश घिमिरेको आदेश अझ अचम्मलाग्दो छ । यस्तो आदेश तत्काल प्रचलित मुलुकी ऐनको पनि विपरीत छ। मुलुकी ऐन अदालती बन्दोबस्त (अ.व.) ११८ को देहाय २ मा नेपाल सरकार वादी भई चलेको तीन वर्ष वा सोभन्दा बढी कैदको सजाय हुनसक्ने अपराधमा तत्काल प्राप्त प्रमाणबाट कसुरदार देखिने भएमा वा त्यस्तो प्रमाणबाट कसुरदार हो भन्ने विश्वास गर्ने मनासिव आधार भएमा अभियुक्तलाई थुनामा राखी मुद्दाको पुर्पक्ष गर्नुपर्छ भनिएको छ।

संयुक्त इजलासको आदेश बमोजिम जेथा/ब्यांक जमानत वा नगद धरौटी नबुझउनेलाई मात्र थुनामा राख्ने हो भने धरौटीरजमानत राख्न सक्ने व्यक्ति ब्यांकिङ कसुरमा कहिल्यै पुर्पक्षका लागि थुनामा बस्नु पर्दैन । संयुक्त इजलासले सुनुवाइ गरेको मुद्दामा ज्ञानेन्द्र पुरकुटी, संजयकुमार राई र होमबहादुर भट्टराईको मिलेमतोमा कमसल सुनलाई सक्कली भनी तथा कम तौलको सुनलाई बढी देखाई नेपाल ब्यांक लिमिटेड, धरान शाखाबाट ब्यांकलाई रु.१५ करोड ४४ लाख ६२ हजार नोक्सान पुऱ्याएको अभियोग लगाइएको थियो।

ब्यांकिङ कसुर तथा सजाय ऐन को दफा १५ (ङ) मा रु.१० करोड भन्दा बढी रु.५० करोडसम्म बिगो भएको मुद्दामा बिगो भराई बिगो बराबरको जरिवाना र ६ देखि ८ वर्षसम्म कैद सजाय हुने प्रावधान छ। ब्यांकिङ कसुर तथा सजाय ऐन को यो व्यवस्था र मुलुकी ऐनको अ.व. ११८ (२) बमोजिम यी प्रतिवादीहरू पुर्पक्षका लागि थुनामा हुनुपर्थ्यो ।

तर संयुक्त इजलासले बिगो बराबरको नगद र कैद सजाय तथा जरिवानाको हकमा जेथारब्यांक जमानत वा नगद धरौटी राखी मुद्दामा पुर्पक्ष गर्न दिनू (थुनामा नराख्नू) भन्यो ।

८ किलो ६४६ ग्राम सुन धितो राखेको हुनुपर्नेमा ६३५ ग्राम सुन मात्र धितोमा राखेर गरिएको ऋण प्रवाहमा संलग्न उनीहरू तीनै जना तत्काल उपलब्ध प्रमाण अनुसार दोषी हुनसक्ने भन्दै पूर्ण इजलासले पुर्पक्षका लागि थुनामा पठाएको छ। पराजुली र घिमिरेको संयुक्त इजलासले ब्यांक तथा वित्तीय प्रणालीको कारोबारमा हुनसक्ने कसुरजन्य कार्यबाट ब्यांक तथा वित्तीय प्रणालीमा पर्ने असर र जोखिमलाई न्यून गरी ब्यांकिङ तथा वित्तीय प्रणालीप्रति विश्वसनीयता अभिवृद्धि गर्ने उद्देश्यको ब्यांकिङ कसुर तथा सजाय ऐनको अपव्याख्या गरी देशभरका अदालतमा विचाराधीन रहेका मुद्दालाई एकैपटक प्रभावित पारेको थियो । कानूनको यस्तो अपव्याख्यालाई सर्वोच्च अदालतले एक वर्षपछि सुधार गरेको हो।




# पूर्वी तराईमा यसरी मनाईदैछ बाँसमा चढ्ने दधिकाद प्रतियोगिता

**सुश्मा राजवंशी**

झापा, १८ भदौ। कृष्ण जन्माष्टमी को भोलीपल्ट झापा सहित पूर्वी तराईमा दधिकाद प्रतियोगिता हर्षोउल्लासका साथ मनाईदैछ । घिउ, तेल लगायतका चिप्लो पदार्थ दलिएको बाँसको टुप्पोमा राखिएको पुरस्कार झार्ने र आफूलाई अब्बल सावित गर्ने प्रतियोगिताका रुपमा खेलिने यो प्रतियोगिता सोमबार झापाका विभिन्न स्थानमा आयोजना गरिएको छ।

दधिको अर्थ दही र कादको अर्थ हिलो हुन्छ। यस अर्थले दहिको हिलोमा खेलिने खेल नै दधिकाद हो । परापूर्वकालमा दहीको हिलोमा दधिकाद खेलिएको धार्मिक ग्रन्थमा उल्लेख छ तर अहिले हिलोलाई नै दही मानेर खेल्ने प्रचलन शुरु भएको मानिन्छ । दधिकादलाई नेपालमा विषेशत कोच समुदाय अन्तर्गत राजवंशी, ताजपुरीया, गनगाइ लगायतका जातीले झापा, मोरङ तथा सुनसरीमा भव्य रुपमा मनाउने गरेका छन्। कोच इतिहासकार पानिलाल राजवंशीका अनुसार पौराणिक कालमा भगवान कृष्णको जन्म भएको खुशिया लीमा दहीसँग खेल्ने प्रतियोगिता गरिएको जनमानसमा विश्वास रहेको पाइन्छ । यही चलन आध्यात्मिक आस्थाका कारण कालान्तरमा दधिकाद खेलको रुपमा परिणत भयो।

परापूर्वकालदेखि नै कोच समूदाय खेतीपाती र पशुपालन लाई नै मुख्य पेसाको रुपमा अंगालेको जाती हो। नयाँ वर्षको प्रारम्भ सिरुवा खेलेर गरेपछि आफ्नो खेतीपातिमा व्यस्त यो जाती हिउँदे बालीको रोपाईं सकेर श्री कृष्ण जन्माष्टमीको भोलिपल्ट धुमधामसँग दधिकाद मनाउँछन् र महान पर्वहरुको सुरुवात भएको मानिन्छ । भगवानसँग दधिकाद दिने भाकल गर्दा आफ्नो मनोकामना पुरा हुने विश्वास मानिसमा रहेको हुँदा आफ्नो भाकल पूरा गर्न दधिकाद दिने अर्थात आयोजना गर्ने गर्दछन् ।दधिकाद धार्मिक आस्थामा आधारित सांस्कृतिक पहिचान भएको सामाजिक पर्व हो। यस पर्वले भगवान प्रतिको श्रद्धालाई मजवुत बनाउँदै राजवंशी समुदायको लोक संस्कृतिलाई झल्काउँछ। साथै वैमनश्य, क्रोध र इर्श्याको अन्त्य गर्दै आपसी प्रेम र भाइचारालाई उजागर गर्ने गर्दछ।

दधिकादमा विभिन्न खेलहरु खेलिन्छन् जस्तै बाँस काद, दोद्लोङ काद, कल काद, कुल्हा काद इत्यादि । दधिकादको विभिन्न प्रकारहरु भए पनि सामान्यतया बाँस काद बढी प्रचलनमा रहेको पाइन्छ। अन्य खेलहरु भने अहिले लोप भइसकेका छन्। दधिकाद खेल अन्तर्गत खुल्ला चौरमा एउटा अग्लो बाँस गाडिन्छ । रातो कपडामा नरिवल, पान सुपारी, पैसासँगै सुन चाँदी जस्ता बहुमूल्य धातु राखेर बाँसको टुप्पामा झुन्ड्याइन्छ।

बाँसलाई चिप्लो बनाउन घिउ, तेल जस्ता पदार्थले बाँसलाई लेपन गरिन्छ। साथै बाँसको अघिल्लो भागमा घिउ र तेल राखिन्छ जसले गर्दा बाँस जति हल्लिन्छ, त्यति नै ती पदार्थ बाँसको बाहिरी सतह हुदै तल बग्ने हुँदा बाँस चिप्लो भइरहन्छ भने तल भुईंमा रातो माटोको हिलो तयार गरिन्छ जसमा प्रतिकात्मक रुपमा थोरै दही हाल्नु पर्दछ। यसरी तयार भएको काद (हिलो ) र चिप्लो बाँसमा राखिएको प्रसाद र पुरस्कार जित्न प्रतिस्पर्धीहरुलाई पन्छाएर शरीरको सन्तुलन नै कायम गर्न कठिन हुने हिलो र चिप्लो बाँससँग संघर्ष गर्दै बाँसको टुप्पोसम्म उक्लेर प्रसाद र पुरस्कार हात पार्नु पर्ने हुन्छ।

प्रतिस्पर्धीहरु एक अर्कालाई उछिन्ने क्रममा हिलोमा लडिबडी गर्दा दर्शकहरुलाई भरपूर मनोरञ्जन पनि हुने गर्दछ। अन्तत यसरी एक विजेताले ग्रहण गर्ने प्रसाद र पुरस्कार पुन : घरको ठाकुरबारीमा (कुलदेवतालाई) चढाइन्छ। पुरस्कार झार्न सफल व्यक्तिलाई त्यस पोकामा रहेको रकम, प्रसाद तथा सुनचाँदी पुरस्कारस्वरुप प्रदान गरिन्छ।

प्रारम्भमा भगवान कृष्णको जन्मको खुशियालीमा गाउँगाउँमा मनाइने दधिकाद पछिल्लो समयमा आएर यस पर्वको महत्व घट्दै गइरहेको राजवंशी भाषा, संस्कृति एवम् इतिहासका जानकार फुलसिंह राजवंशीको बुझाई छ । उहाका अनुसार विश्वमा नै मौलिक सांकृतिक पहिचान बोकेको दधिकादको महत्व अत्यन्त धेरै छ । आधुनिकीकरण र नयाँ पुस्तामा पश्चिमी र अन्य संस्कृतिप्रतिको बढ्दो मोहले नै दधिकादको रौनकतामा कमी आएको छ।

# पप्पु निर्माण कम्पनीलाई कारवाही गरिने

विराटनगर, १८ भदौ । भौतिक पूर्वाधार तथा यातायातमन्त्री रघुवीर महासेठले पुल निर्माणमा लापर्बाही गरेको आरोप लागेका पप्पु निर्माण कम्पनीलाई कारबाही गरिने बताएको छ।

उक्त कम्पनीले ठेक्का लिएका अन्य आयोजनामा पनि जनगुनासो बढेकाले एक छानविन आयोग गठन गरिने र उक्त आयोगको सुझब बमोजिम कारर्बाही गरिने विराटनगर विमानस्थलमा आज सञ्चारकर्मीसँगको कुराकानीमा उनले जानकारी दिए।

पाँच प्रतिशत निर्माण कम्पनीका ठेकेदारका कारण अन्य ठेकेदारले पनि दुःख पाएको आफूले महसुस गरेको बताउँदै मन्त्री महासेठले सडक र पुलको निर्माणलाई प्रभाबकारी बनाउन पहल गर्ने र यस्को अनुभूति नेपाली जनताले केही समयपश्चात् मात्र गर्ने चर्चा गरे।

उनले रकम लिई निर्माणमा बदमासी गर्ने निर्माण कम्पनीलाई रु एक लाख ५० हजारदेखि रु पाँच करोडसम्म जरिवाना गरिएको र अहिलेसम्म यस्ता १४५ ठेकेदारलाई कारर्बाहीमा परेका बताए ।सरकारका कारणबाट पनि सडकलगायत अन्य निर्माणमा ढिलाइ भएको स्वीकार गर्दै मन्त्री महासेठले अब पुराना सबै काम पूरा गरेर मात्र नयाँ निर्माणका लागि बोलपत्र आह्वान गरिने जानकारी दिए।

यातायात क्षेत्रमा भएको एकाधिकार हटाइएको र एकाधिकार कायम गरउन खोज्ने २४५ यातायात व्यवसायीको बैंक खाता रोक्का गरी छानबिनसमेत भइरहेको चर्चा गर्दै उनले आगामी मङ्सिर समान्तसम्म शतप्रतिशत सार्वजनिक यातायातका साधन कम्पनीमा दर्ता हुन आउने र सर्वसाधारणले सुलभरूपमा सेवा प्राप्त गर्ने विश्वास व्यक्त गरे ।शहरी तथा नगर क्षेत्रमा सञ्चालित सार्वजनिक सवारी साधनको सिट सङ्ख्याको अनुपातमा २० प्रतिशतमात्र थप यात्रु राख्ने व्यवस्था गरिएकाले यसबाट यात्रु कोचेर राख्ने समस्या अन्त्य हुने धारणा मन्त्री महासेठले व्यक्त गरे।




## अहेव नै...

उनले भने, चार वर्षदेखि दरबन्दीको डाक्टर आएको छैन, हामीले पटक–पटक माग गरे पनि सुनुवाइ भएको छैन। करार र छात्रवृत्ति पाएका डाक्टर आए पनि केही महिना बसेर जाने गरेको उनको भनाइ छ।

अहिले बिरामी हेर्न अहेव वीरेन्द्र साह र वीरेन्द्र राय दुई जना छन्। उनीहरूमध्ये एक जना गाउँमा गाउँघर क्लिनिक र खोप कार्यक्रम सञ्चालन गर्न जान्छन्। भौतिक पूर्वाधार र दरबन्दी अनुसारको जनशक्ति व्यवस्थापन नहुँदा सामान्य बिरामीबाहेक अरूलाई बाहिर पठाउनुपरेको निमित्त प्रमुख यादवले बताए । पूर्वाधार अभावले प्रयोगशाला, ओपीडी कक्ष, औषधि वितरण कक्ष र प्रशासनिक कार्यालय व्यवस्थित हुन नसकेको उनले सुनाए।

यही स्वास्थ्य केन्द्रमा बर्थिङ सेन्टर पनि सञ्चालनमा छ । डाक्टर नहुँदा गम्भीर अवस्थाका गर्भवतीलाई बाहिर पठाउने गरिएको नर्स अनु बस्नेतले सुनाइन् । नजिकमा एम्बुलेन्स पनि छैन, सदरमुकाम सिरहा नभए लहानबाट एम्बुलेन्स मगाउनुपर्छ , उनले भनिन, बर्थिङ सेन्टरबाट पाउने सेवासुविधा यस भेगका जनता पाउन सकेका छैनन्।

स्वास्थ्य केन्द्रको भवन अधुरै छाडिएपछि यहाँ भौतिक पूर्वाधारको अभाव भएको छ। पीएस विशाल एन्ड विराट जेभीले सहरी विकास कार्यालय राजविराजबाट निर्माण ठेक्का ३ करोड ४९ लाखमा लिएको थियो। निर्माण कम्पनीले २ करोड ३२ लाख भुक्तानी पनि लिइसकेको छ तर भवन अधुरै छ।

चार वर्षदेखि काम अधुरै छाडेर ठेकेदार भागेको गाउँपालिका अध्यक्ष सिद्धार्थ यादवले बताए। सहरी विकास कार्यालयले ठेकेदारसँगको विवाद समाधान गरी हस्तान्तरण गरे गाउँपालिका बाटै बजेट लगाएर काम पूरा गर्छौं, उनले भने, यहाँ भौतिक अभावले डाक्टर पनि आउँदैनन, जनताले स्वास्थ्य पाउन सकेको छैनन्। न उनीहरू काम गर्छन् न त हामीलाई दिन्छन्।

## सप्तरी र मोरङमा...

अवस्थामा शव भेटिएको इलाका प्रहरी कार्यालय पथरीका प्रहरी निरीक्षक कमल बजगाईंले जानकारी दिए । कानेपोखरी गाउँपालिका–३ मा आफ्नै घरको माछा पोखरीमा डुबेर विशाल राईको दुई वर्षीय छोरा अभि राईको मुत्यु भएको प्रहरीले जनाएको छ।

## धेरै ठाउँमा...

बानीको विकास गर्नु पर्छ, जनप्रतिनिधिले जनताले तिरेको करको सदुपयोग गर्नुपर्छ।" करका बारेमा जनता सचेत भए त्यसको दुरुपयोग रोकिने उनको भनाइ थियो । "कर लगाउने अधिकार स्थानीय तहको भए पनि कानून र ऐनभन्दा बाहिर गएर धान्नै नसक्ने गरी कर लगाउन पाइदैन," डा खतिवडाले भने। सो अवसरमा डा खतिवडाले करदाता सेवा कार्यालयमा आई प्यान नम्बर लिने सेवाग्राही अमृता झा, सुनिता देव र शम्भुनन्द चौधरी लाई प्रमाणपत्र वितरण गरे।

आन्तरिक राजश्व विभागका सचिव शिशिरकुमार ढुङ्गानाले करदाताको सेवालाई दृष्टिगत गरी राजविराजमा करदाता सेवा कार्यालय स्थापना गरिएको जानकारी दिए। करदाता र करको दायरा बढ्दै गएपछि आन्तरिक राजश्व कार्यालय राजविराजमा स्थापना गरिने उनको भनाइ थियो।

# सुखीपुर नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

सुखीपुर, सिराहा

**२ नं. प्रदेश, नेपाल**

## पोखरी तथा गुदरी बजार ठेक्का बन्दोबस्ती सम्वन्धी सूचना

**(चौथो पटक प्रकाशित मिति(२०७५/०५/१९)**

यस नगरपालिकाको क्षेत्राधिकारभित्र रहेका देहाय बमोजिमका न.पा.का आफ्नै नाममा रहेका, गुदरी बजार, कठघरा, पक्की कोठा, जग्गा र पोखरीहरु जे-जस्तो अवस्थामा छन् सोही अवस्थामा नै ठेक्का बन्दोबस्त गर्नुपर्ने भएकोले तेस्रो पटक प्रकाशन सुचनावाट ठेक्का नलागेका निम्न गुदरी बजार, कठघरा, पक्की कोठा, जग्गा र पोखरीहरुको ठेक्का लिन इच्छुक ब्यक्तिहरुबाट निम्न शर्तहरुको अधिनमा रही बोलपत्र आह्वान गरिएको छ :–

**शर्तहरु :-**

१. बोलपत्र फाराम यो सुचना चौथो पटक प्रकाशित मितिले ७ औं दिनसम्म कार्यालय समयभित्र रु. १,०००।– (फिर्ता नहुने गरी) तिरी नागरिकताको प्रतिलिपी साथ निवेदन दिई यस कार्यालय र कोष तथा लेखा नियन्त्रक कार्यालय, सिरहाबाट खरिद गर्न सकिनेछ।

२. खरिद भएको बोलपत्र प्रष्टसँग भरी प्रत्येक पानामा सहीछाप गरी सिलबन्दी गरेर खाम बाहिर नाम, ठेगना र ठेक्का लिन चाहेको कठघरा, सटर, घर, जग्गा, पशुहाट, पोखरी र गुदरी बजारको नाम प्रष्टसँग लेखी ८ औं दिनको १२ बजेभित्रमा यस कार्यालयमा दर्ता गराउनु पर्नेछ। दर्ता भएको बोलपत्र सोही दिनको २ बजे बोलपत्रदाता वा निजको प्रतिनिधिको रोहबरमा यसै कार्यालयमा खोलिनेछ। बोलपत्रदाता वा निजको प्रतिनिधी उपस्थित नभएमा पनि बोलपत्र खोल्न कुनै बाधा पर्ने छैन।

३. बोलपत्रदाताले बोलपत्रसाथ नेपाली नागरिक भए कबोल अङ्कको ५ प्रतिशत र विदेशी नागरिक भए १० प्रतिशतले हुन आउने रकम यस कार्यालयको रा.वा.बैंक सिरहामा रहेको धरौटी खाता नं. २१३०३०३००७१०६ (कोड नं. १६-३६५-३०), मा जम्मा गरेको सक्कल भौचर वा मान्यता प्राप्त बैंकबाट बोलपत्र खोलिने मितिले ७५ दिनको मान्य अवधि रहने गरी जारी भएको बैंक जमानत (बैंक ग्यारेण्टी), नगरपालिको नगदी रसिद वा खाम भित्र नगद रकम पेश गर्नु पर्नेछ।

४. समयभित्र प्राप्त नभएको, रीत नपुगेको, सुचनाको शर्त विपरित भएको बोलपत्रमाथि कारबाही हुने छैन। केरमेट भएको खण्डमा सम्वन्धित बोलपत्रदाताको सहीछाप भएको हुनुपर्नेछ।

५. बोलपत्र भर्दा स्पष्ट रुपमा अक्षर र अंकमा उल्लेख गर्नुपर्नेछ। अक्षर र अंक फरक पर्न आएमा अक्षरलाई मान्यता दिइनेछ।

६. बोलपत्र दर्ता गर्ने अन्तिम दिन वा खोलिने दिन सार्वजनिक विदा पर्न गएमा सो को लगत्तै भोलिपल्ट कार्यालय खुलेको दिन तोकिएको कार्यालय र समयमा बोलपत्र दर्ता र खोल्ने कार्य हुनेछ।

७. बोलपत्र खरिद वा दर्ता गर्ने बोलपत्रदाताले कठघरा, सटर, घर, जग्गा, पोखरी तथा गुदरी बजारको सम्बन्धमा राम्ररी बुझी बोलपत्र भरेको मानिनेछ।

८. नेपाल सरकारको हितलाई ध्यानमा राखी कुनै पनि कारण जनाई वा नजनाई बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा निहीत रहनेछ।

९. नगरपालिकालाई बुझाउनु पर्ने बाँकी बक्यौता नबुझाएको तथा नगरपालिकाको पेश्की बाँकी रकम वा नगद जिन्सी बुझाउन बाँकी रहेको ब्यक्तिको बोलपत्र मान्य हुने छैन। कारणबश ठेक्का स्वीकृत भएपनि पछि उल्लेखित विवरण जानकारी हुन आएमा ठेक्का वदर गरी धरौटी लगायत बुझाएको रकम समेत जफत गरिनेछ।

१०. बोलपत्र स्वीकृत भएपछि त्यस्तो बोलपत्रदाताले नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त बैंकको स्वीकृत ठेक्का अंकको कम्तीमा छ महिनाको म्याद भएको कार्य सम्पादन जमानत वा नगदै रकम दिएपछि मात्र कबुलियत गराई चलन पुर्जी दिइनेछ।

११. ठेक्का स्वीकृत भएपछि बढीमा ३ किस्तामा रकम बुझाउनु पर्नेछ। सबै रकम एकमुष्ठ पहिलो किस्ता बुझाउने समयमा नै बुझाएमा १० प्रतिशत छुट दिइनेछ तर किस्तामा बुझाउँदा छुट दिइने छैन।

१२. बोलपत्रदाताको अधिकतम कबोल अङ्क वराबर भएमा सोही अङ्कलाई न्युनतम कबोल अङ्क मानी ३ दिनभित्र अर्को बोलपत्र निजहरुबाट मात्रै आह्वान गरिनेछ।

१३. यस सूचनामा उल्लेख नभएका कुराहरुको हकमा प्रचलित ऐन नियम अनुसार हुनेछ।

१४. यस सम्वन्धी अन्य कुराहरु बुझ्नु परेमा कार्यालयमा आफैं आई वा फोन नं. ०३३-४१३००४ मा फोन गरी बुझ्न सकिनेछ।

१५. कठघरा, सटर, घर, जग्गा, पोखरी तथा गुदरी बजारहरुको विवरण निम्न अनुसारको छ :–

| क्र.स. | विवरण | पोखरी/ गुदरी बजारको नाम | ठेगाना | कित्ता नं. | क्षेत्रफल | न्युनतम निर्धारित अङ्क | ठेक्का अवधि |
|---|---|---|---|---|---|---|---|
| १ | गुदरी बजार | बल्ही गुदरी बजार | वडा नं. ७ | | | २४,०००।– | १ वर्षे |
| २ | कठघरा | न.पा.को क्षेत्राधिकारभित्रका सम्पूर्ण कठघराहरु (प्रति कठघरा) | | | | ५,५,००।– | १ वर्षे |
| ३ | पक्की कोठा | दहीपौडीको १० कोठे पक्की भवनका कोठाहरु (प्रति कोठा) | वडा नं. १० | | | ३५,७५०।– | २ वर्षे |
| ४ | जग्गा | न.पा.को स्वामितवमा रहेका जग्गाहरु (प्रति कठ्ठा) | | | | ११५०।– (कृषि कार्यको लागि भए-९५०) | १ वर्षे |
| ५ | पोखरी | साविक गा.वि.स.सिलोर्वा पछवारीको वडा नं. ४ मा रहेको पोखरी मखना खत्ता | वडा नं. ५ | ६ | ०-५-४ | १,५०,०००।– | ३ वर्षे |
| ६ | पोखरी | साविक गा.वि.स.सिलोर्वा पछवारीको वडा नं. ७ मा रहेको पोखरी | वडा नं. ५ | ७० | ०-११-१० | १,५०,०००।– | ३ वर्षे |
| ७ | पोखरी | साविक गा.वि.स.सिलोर्वा पछवारीको वडा नं. १ मा रहेको पोखरी | वडा नं. ५ | २०६ | ०-१२-६ | १,५०,०००।– | ३ वर्षे |
| ८ | पोखरी | साविक गा.वि.स.सिलोर्वा पछवारीको वडा नं. २ मा रहेको दुर्गा मंदिर पोखरी | वडा नं. ५ | ८ | ०-११-१६ | ३,५०,०००।– | ३ वर्षे |
| ९ | पोखरी | साविक गा.वि.स.सिलोर्वा पछवारीको वडा नं. १ मा रहेको पोखरी | वडा नं. ५ | १८० | १-३-० | २,५०,०००।– | ३ वर्षे |
| १० | पोखरी | साविक गा.वि.स.सिलोर्वा पछवारीको वडा नं. २ मा रहेको पोखरी | वडा नं. ५ | ३३८ | ०-६-० | ५०,०००।– | ३ वर्षे |
| ११ | पोखरी | साविक गा.वि.स.सिलोर्वा पछवारीको वडा नं. ६ मा रहेको पोखरी | वडा नं. ५ | ४ | ०-१०-२ | ३,५१,०००।– | ३ वर्षे |
| १२ | पोखरी | साविक गा.वि.स.सिलोर्वा पछवारीको वडा नं. २ मा रहेको थान पोखरी | वडा नं. ५ | १८४ | ०-१५-० | ३,५०,०००।– | ३ वर्षे |
| १३ | पोखरी | साविक गा.वि.स. कविलासीको वडा नं. १ मा रहेको पोखरी | वडा नं. ४ | २५, अर्धतुल | ०-४-६ | १,५०,०००।– | ३ वर्षे |
| १४ | पोखरी | साविक गा.वि.स. कविलासीको वडा नं. २ मा रहेको पोखरी | वडा नं. ४ | अर्ध१४, तुल१७ | ०-११-१८ | १०,०००।– | १ वर्षे |
| १५ | पोखरी | धनिलाल साहुको पोखरी छेउको पोखरी | वडा नं. १ | | | २०,०००।– | ३ वर्षे |
| १६ | पोखरी | साविक गा.वि.स. विद्यानगरको वडा नं. ४ मा रहेका थलाहा पोखरी | वडा नं. २ | | | २५,०००।– | ३ वर्षे |
| १७ | पोखरी | विद्यानगरमा रहेको खोरिया पोखरी | वडा नं. २ | | | २५,०००।– | ३ वर्षे |
| १८ | पोखरी | सिलोर्वा पछवारी हनुमानगनगर जयभुवन घरको छेउमा | वडा नं. ५ | ३३९ | १-१०-० | ५,५०,०००।– | ३ वर्षे |
| १९ | पोखरी | सहजा पोखरी | वडा नं. ५ | | | ६५,०१।– | १ वर्षे |
| २० | पोखरी | डोमा घर नजिक मैटखुन्मा | वडा नं. ५ | | | २,००१।– | १ वर्षे |

**सुखिपुर नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय, सुखिपुर, सिरहा**
**२ नं. प्रदेश नेपाल**

# बाढीपीडितको दैनिकी कष्टकर बन्दै

सप्तरी, १८ भदौ। सप्तकोशी नदीको बाढीले प्रभावित हनुमान नगर कङ्कालनी नगर पालिका का ६०० घरपरिवारको दैनिकी कष्टकर बन्दै गएको छ। कोशी नदीको बाढीले हनुमाननगर कङ्कालिनी नगरपालिका र तिलाठी कोइलाठी गाउँपालिका का घरमा पाँच दिनदेखि बाढी यथावत् रहेकाले दैनिक जन जीवन कष्टकर बनेको बाढी



पीडितले गुनासो गरेका छन्।

बस्ती नजिकैको विद्यालय डुबानमा परेपछि बाढीपीडित नजिकैको कृषि सेड तथा सडकमा त्रिपालमुनि बस्नुपर्ने बाध्यता रहेको बाढीपीडित रामकुमार सदाले बताए। घरमा रहेको खाद्यान्नसमेत नष्ट भएकाले भुजा र च्युराबाहेक अरु खानेकुरा नपाएको पीडितले गुनासो गरेका छन्।

बाढीले चामलसमेत डुबाएकाले खानेपानीको समस्या रहेको उनीहरूले गुनासो गरे। पाइलट च्यानलमार्फत् भारतले नदीको धार परिवर्तन गराएपछि पाँच दिन अगाडि सप्तकोशी नदीमा आएको बाढीले सप्तरीका मानवबस्तीमा बाढी पसेको थियो।

कोशी नदीमा आएको बाढीले हनुमाननगर कङ्कालिनी नगरपालिका- ६ का ५४० परिवार प्रभावित भएका छन्। प्रभावित परिवारमध्ये करीब २०० परिवार कोशी नदीको पश्चिमी बाँधमा अस्थायी शिविर बनाएर बसेका छन्। कोशीको पानी घरमा पसेपछि स्थानीय बासिन्दा पाँच दिनदेखि घरमा खानासमेत पकाउन सकिरहेका छैनन्।

सुत्ने कोठा, भान्छा कोठा र शौचालय समेतमा पानी पसेपछि उनीहरू सुरक्षित स्थानका लागि अग्लो ठाउँमा बस्न बाध्य रहेको स्थानीय बासिन्दा चन्दन यादव बताए। बस्तीमा पानी छिरेपछि हनुमाननगर कङ्कालिनी नगरपालिका-१२ की तीन दिनकी सुत्केरी आफ्नै घरमा बाढीले घेरिएपछि कष्टकर र जोखिमपूर्ण जीवन बिताउन बाध्य भएको छ। फुसको घर चारैतिर बाढीको पानीले घेरिएपछि २३ वर्षीया सहनाज खातुनको बिजोग भएको यादवले जानकारी दिए।

सुरक्षित स्थानको अभाव र घरमा दुई फिटसम्म पानी जमेपछि उनलाई नवजात शिशुसँगै कोठामा खाट राखी हालसम्म सुरक्षित राख्ने प्रयास गरिएको छ। तिलाठी कोइलाडी गाउँपालिका-४ कोइलाडी र वडा नं ५ को बर्साइनमा पनि ३० परिवारको घर डुबानमा परेको छ।

बाढी प्रभावित वडामा रहेको चर्पी तथा खानेपानी ट्युबवेल पानीमा डुबेकाले त्यहाँका बासिन्दा खुला ठाउँमा दिसा बस्ने गरेका कारण फोहर बढ्दै गएको तिलाठी कोइलाडी गाउँपालिका का अध्यक्ष सतिश सिंहले बताए। बीस वर्षपछि सप्तकोशीको बाढी यस बस्तीमा पसेको स्थानीय बासिन्दाको भनाइ छ।

# जंगबहादुरको सिपाही होइन, जनताको सेवक बन: आइजीपी खनाल

बारा, १८ भदौ। प्रहरी महानिरीक्षक सर्वेन्द्र खनालले नेपाल प्रहरीलाई आगामी दिनमा दक्षिण एसियाकै उत्कृष्ट प्रहरी संगठन बनाउने दावी गरेका छन्। सोमवार बाराको कलैयास्थित जिल्ला प्रहरी कार्यालयको हातामा निर्मित प्रहरी ब्यारेक तथा हिरासत भवनको उद्धाटन समारोहलाई सम्बोधन गर्दै आइजीपी खनालले सो कुरा बताएका हुन्।

उनले प्रहरी कर्मचारीहरु पूर्णतया जनताको सेवामा लाग्नुपर्ने भन्दै पैसा कमाउने रहर भए व्यापारमा लाग्न चेतावनी पनि दिए। उनले मातहतका निकायलाई जनताको धनजनको सुरक्षाका साथै महिला हिंसा, लगायत सामाजिक कुरिती हटाउन रचनात्मक भएर लाग्न निर्देशन पनि दिए।

उनले प्रहरीको मानसिकतामा परिवर्तन आउन जरुरी रहेको भन्दै जंगबहदुरको सिपाही जस्तो नभई जनताको सेवक बनेर नेपाली जनताको सेवा गर्न आग्रह गरे। उनले अन्यको तुलनामा २ नम्बर प्रदेशमा सुरक्षा चुनौती बढि रहेको भन्दै त्यसैअनुसार आघि बढ्न निर्देशन दिए। महानिरीक्षक खनालले सोमवारै बीरगञ्जस्थित विर्ता ब्यारेक तथा हिरासत भवनको पनि उद्धाटन गरेका छन्।

# फरार बलात्कारका आरोपी पक्राउ

कञ्चनपुर, १८ भदौ। कञ्चनपुरको बेलडाँडी गाउँपालिका-१ का १६ वर्षीया किशोरीमाथि बलात्कार गरी फरार रहेका अभियुक्त जनक खड्कालाई प्रहरीले पक्राउ गरेको छ।

अभियुक्त खड्कालाई बेलडाँडी क्षेत्रबाटै आइतबार साँझ पक्राउ गरेको जिल्ला प्रहरी कार्यालय कञ्चनपुरका प्रहरी नायब उपरीक्षक कृष्णराज ओझाले बताए।

शनिबार किशोरी बलात्कार मा संलग्न रहेको आरोपमा प्रहरीले मानबहादुर विष्टलाई पक्राउ गरेको थियो। शुक्रबार राति घरमा पूजा भइरहेका बेला मोटर साइकलमा लगी किशोरीलाई बलात्कार गरिएको थियो। पक्राउ परेका दुवै जनाविरुद्ध मुद्दा दर्ता भई अनुसन्धान प्रक्रिया अगाडि बढाइएको छ।

# मैथिलीलाई जनभाषा बनाउनुपर्छ

जनकपुरधाम, १८ भदौ। प्रदेश नं २ का सामाजिक विकासमन्त्री नवलकिशोर साहले मैथिली भाषालाई जनभाषा बनाउनुपर्ने धारणा राखिएको छ।

मैथिली साहित्यकार सभाको सातौँ वार्षिकोत्सवका अवसरमा आज यहाँ आयोजित सम्मान कार्यक्रममा उनले अध्ययनका क्रममा आफूले मैथिली भाषामा सहजताको अभाव महसुश भएको चर्चा गर्दै यसलाई जनस्तरमा पुऱ्याउनु आवश्यक छ भने। उनले भने, “सुनेको थिएँ मैथिली सरल हुन्छ तर स्नातकमा मैथिली अध्ययन गर्दा गाह्रो लाग्यो।”

इतिहासलाई जीवन्त राख्न सबैको अग्रसरता आवश्कय भएमा भन्दै मन्त्री साहले आफू १ देखि ७ कक्षासम्म अनिवार्य रूपले मैथिली भाषाको पढाइको अवधारणालाई कार्यान्वयन गर्ने पक्षमा रहेको जानकारी दिए।

साहित्यकार डा राजेन्द्र विमल प्रदेश सरकारद्वारा मैथिलीको धरातलीय यथार्थलाई मनन गर्दै समृद्धमूलक कार्य गर्नु अपरिहार्य रहेको छ भने। वरिष्ठ पत्रकार राजेश्वर नेपाली मैथिली भाषाको अस्तित्वमाथि प्रहार हुने गतिविधि रोक्नु जरूरी भएको बताए। साहित्यकारहरू महेन्द कुमार मिश्र र दिगम्बर झा दिनमणि, पूर्वप्रजिअ जीवछ मिश्र, प्राध्यापक डा आशा सिन्हा, समाजसेवी प्रकाशचन्द्र साह र गौ संरक्षण मञ्चका अध्यक्ष जगदीश महासेठले प्रदेश सरकार मैथिली भाषाप्रति उदासीन हुनु चिन्ताको विषय भएको धारणा राखे।

सभाका सभापाल जनार्दनलाल दासको अध्यक्षतामा भएको सो कार्यक्रममा कलाकारहरू नवीनकुमार मिश्र, सङ्गीता देव, वीरेन्द्र झा, शम्भु कर्ण र ललन झालाई कला सम्मान प्रदान गरियो भने शान्तिदेवीलाई गार्गी, उपेन्द्रभगत नागवंशीलाई भाषा अभियानी, नरेश ठाकुरलाई मञ्चीय शिखर र हसमुखीलाई बाल स्रष्टाले सम्मान गरियो।

# जातीय भेदभाव भए दुई लाखसम्म क्षतिपूर्ति प्रस्ताव

**नारायण न्यौपाने**

काठमाडौँ, १८ भदौ। मानवीय सभ्यताविरुद्धको गम्भीर सामाजिक अपराधका रुपमा रहेको जातीय भेदभाव तथा छुवाछूतसम्बन्धी कानून समयानुकूल बनाई दण्ड, सजाय र क्षतिपूर्तिलाई कडा तुल्याउने विधेयक सदनमा पेश गरिएको छ।

जातीय भेदभाव तथा छुवाछूत -कसुर र सजाय) ऐन २०६८ लाई संशोधन गर्न बनेको विधेयकलाई सरकारले सदनमा प्रस्तुत गरेको छ। विधेयकमा कसुरको प्रकृति अनुसार कसुर गरेको ठहरेमा अदालतले कसुरदारबाट पीडितलाई रु दुई लाखसम्म क्षतिपूर्ति भराइदिन सक्ने प्रावधान प्रस्ताव गरिएको छ।

संविधानको धारा २४ मा छुवाछूत तथा भेदभावविरुद्धको हकसम्बन्धी व्यवस्था रहेको र मौलिक हकको कार्यान्वयनको लागि त्यससम्बन्धी कानून संविधान जारी भएको तीन वर्षभित्र बनाई सक्नुपर्ने बाध्यात्मक व्यवस्था रहेको छ।

संविधानमा कुनै व्यक्तिलाई निजको उत्पत्ति, जातजाति समुदाय, पेशा, व्यवसाय वा शारीरिक अवस्थाको आधारमा कुनै पनि निजी तथा सार्वजनिक स्थानमा कुनै प्रकारको छुवाछूत भेदभाव गरिने छैन भन्ने उल्लेख छ।

विधेयकले प्रत्येक व्यक्तिलाई अदालत वा अन्य न्यायिक निकायबाट समान अधिकार पाउने, सेवा तथा सुविधामा समान संरक्षण, समान पहुँच, समान सहभागिताको अधिकार सुनिश्चित गरेको छ।

विधेयकमा प्रत्येक व्यक्तिलाई जातीय एवं अन्य सामाजिक भेदभाव तथा छुवाछूतविरुद्धको अधिकार तथा छुवाछूत तथा भेदभावविरुद्ध उपचार र उचित क्षतिपूर्ति पाउने विषय उल्लेख गरिएको छ।

कसुर विशेषका आधारमा हाल कायम रहेको न्यूनतम रु एक हजारदेखि २५ हजारसम्मको क्षतिपूर्ति र दण्डलाई बढाए रु २० हजारदेखि एक लाखसम्म पुऱ्याउन विधेयकमा प्रस्ताव गरिएको छ।

विधेयकमा भनिएको छ- कसैले कुनै पनि व्यक्ति वा समुदायलाई श्रव्य-दृश्य सामग्री, लेख, रचना, चित्र, अकार, कार्टुन, पोष्टर पुस्तक वा साहित्यको प्रसारण, प्रकाशन वा प्रर्दशन गरेर वा कुनै तरीकाले व्यक्ति वा समुदायको जातजातिको आधारमा उच्च वा निच दर्शाउन प्रोत्साहन गर्न वा गराउन हुँदैन।

वर्तमान कानूनअनुसार एक महिनादेखि एक वर्षसम्म कैद सजाय भोग्दै आएका व्यक्तिले अब जातीय एवं अन्य सामाजिक भेदभाव तथा छुवाछूतसम्बन्धी कसुर गरेमा कसुरको मात्रा हेरि दुई महिनादेखि दुई वर्षसम्म कैद र दुई हजारदेखि २० हजारसम्म जरिवाना तिर्नुपर्ने प्रावधान राख्न विधेयकमा प्रस्ताव गरिएको छ।




गुप्ता ब्रदर्श, मिर्चैया
फोन नं.: ०३३-५५०७४४
माँ धमिनी अटो ट्रेड, गोलबजार
मो. ९८१५७०७७७५, ९८१६७६५६००
स्नेहा अटो, सिरहा
मो. ९८०१५५२८१५, ९८०४७०२६४६



प्रो. शत्रुधन महासेठ
सीता महेश ट्रेडस
रामनगर मिर्चैया, कटारी चौक सिरहा, फोन नं. ०३३५५०८०३


मार्गानुगामी राष्ट्रिय दैनिकका लागि **प्रकाशक/सम्पादक** : कमलेश कुमार यादव, **प्रवन्धक** : मेनुका गौतम, कानुनी सल्लाहाकार :कृष्ण प्रसाद दंगाल **कम्प्यूटर ले-आउट : राम करण दास**
**कार्यालय** : गोलबजार न.पा-६ (सिरहा) फोन नं. ०३३५४०३५६, ९८५२८३२६३४ website : www.marganugami.com, *e-mail : marganugamidaily@gmail.com* **मुद्रक** : यदुवंशी अफसेट प्रेस, लहान, (सिरहा)